बैठक नं :- १३

मिति: २०७४/१२/१९ गते सोमबार

समय: १०:०० बजे बिहान

स्थान : बाँफिकोट गाउँकार्यपालिकाको सभाहल ,बाँफिकोट रुकुम (पश्चिम)

आज मिति २०७४/१२/१९ गते सोमबारका दिन बाँफिकोट गाउँपालिकाका अध्यक्ष श्री धर्मबहादुर के.सी ज्युको अध्यक्षतामा बाँफिकोट गाउँपालिकाको सभाहलमा गाउँकार्यपालिकाको बैठक बसी तपशीलको उपस्थितिमा तपशीलका प्रस्ताव माथि छलफल गरी निम्नानुसारको निर्णय पारित गरियो ।

## तपशील

उपस्थिति :-

| | | |
|---|---|---|
| श्री धर्मबहादुर के.सी. | :- | अध्यक्ष, बाँफिकोट गाउँकार्यपालिका ,रुकुम(पश्चिम) |
| श्री मनकला पुन, | :- | उपाध्यक्ष, बाँफिकोट गाउँ कार्यपालिका,रुकुम(पश्चिम) |
| श्री हर्क मल्ल | :- | सदस्य, बाँफिकोट गाउँकार्यपालिका ,रुकुम(पश्चिम) |
| श्री धनबहादुर खत्री | :- | सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम) |
| श्री चन्द्रबहादुर के.सी. | :- | सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम) |
| श्री लिलाराम बि.क. | :- | सदस्य, बाँफिकोट गाउँकार्यपालिका ,रुकुम(पश्चिम) |
| श्री कस्तुप प्रकाश दाहाल | :- | सदस्य, बाँफिकोट गाउँकार्यपालिका ,रुकुम(पश्चिम) |
| श्री मनोजकुमार अधिकारी | :- | सदस्य, बाँफिकोट गाउँकार्यपालिका ,रुकुम(पश्चिम) |
| श्री नरबहादुर खत्री | :- | सदस्य, बाँफिकोट गाउँकार्यपालिका ,रुकुम(पश्चिम) |
| श्री मनबहादुर के.सी. | :- | सदस्य, बाँफिकोट गाउँकार्यपालिका ,रुकुम(पश्चिम) |
| श्री कविराम के.सी., | :- | सदस्य, बाँफिकोट गाउँकार्यपालिका ,रुकुम(पश्चिम) |
| श्री अर्जुन चन्द, | :- | सदस्य, बाँफिकोट गाउँकार्यपालिका ,रुकुम(पश्चिम) |
| श्री झरना शाही, | :- | सदस्य, बाँफिकोट गाउँकार्यपालिकाका ,रुकुम(पश्चिम) |
| श्री जनकुमारी खत्री, | :- | सदस्य, बाँफिकोट गाउँ कार्यपालिकाका ,रुकुम(पश्चिम) |
| श्री तारा बुढा के.सी | :- | सदस्य, बाँफिकोट गाउँकार्यपालिकाका ,रुकुम(पश्चिम) |
| श्री सिता खड्का के.सी. | :- | सदस्य, बाँफिकोट गाउँकार्यपालिकाका ,रुकुम(पश्चिम) |
| श्री शेरु विश्वकर्मा | :- | सदस्य, बाँफिकोट गाउँकार्यपालिका ,रुकुम(पश्चिम) |
| श्री मनबहादुर बादी | :- | सदस्य, बाँफिकोट गाउँकार्यपालिकाका ,रुकुम(पश्चिम) |
| श्री लोकबहादुर कुसारी | :- | सदस्य सचिव, बाँफिकोट गाउँकार्यपालिका, रुकुम(पश्चिम) |

लोक बहादुर कुसारी
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणित मिति :- २०७४।१२।१९

लोक बहादुर कुमारी
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्तावहरू :**

१) गाउँकार्यपालिकाको भवन सम्बन्धमा ।

२) योजना आयोजनाको समिक्षा सम्बन्धमा ।

३) विविध सम्बन्धमा ।

लोक बहादुर कुमारी
प्रमुख प्रशासकीय अधिकृत
प्रमाणिकरण मिति:-२०७८/१२/१५

बाफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाफिकोट, रुकुम (पश्चिम)
नेपाल
२०७३

## निर्णयहरु : -

**निर्णय नं. १ :-** यस गाउँकार्यपालिकाको भवनको विषयमा मिति २०७४.१२.०४ गतेको भवन निर्माणको संशोधन प्रस्ताव उपर छलफल गर्दा सार्वजनिक खरिद ऐन, २०६३(पहिलो संशोधनको दफा ४४) र सार्वजनिक खरिद नियमावली,२०६४(पाचौं संशोधनको नियम ९७) बमोजिम रु १०००००००(अक्षरुपी एक करोड रुपिया मात्र)को लागत अनुमान उपभोक्ता समिति वा लाभग्राही समुदायद्वारा कार्य गर्न सकिने र उक्त लागत अनुमानमा मुल्य अभिवृद्धि कर, ओभरहेड कन्टिजेन्सी रकम र जनसहभागिताको अंश समेत समावेश हुने कुरा उल्लेख भएबाट मितव्ययिता, गुणस्तरीयता र दिगोपना कायम भई समुदायमा रोजगारी सृजना हुने परियोजनाको उदेश्य सुनिश्चित हुने भएकाले सोही ऐन,नियम बमोजिम गर्ने र यस कार्यपालिकाबाट कार्य प्रभावकारीता र गुणस्तरीयता हासिल गर्न तपशील बमोजिमको भवन निर्माण समिति गठन गर्ने,१ हप्ताभित्र सम्झौता गरि कार्य शुरु नगरे बैकल्पिक समिति गठन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

### तपशील

| | |
|---|---|
| श्री किशोर पुन : | अध्यक्ष |
| श्री लाले कुमारी : | सदस्य |
| श्री गीता केसी : | सदस्य |
| श्री चन्द्र बहादुर शाही : | सदस्य |

लोक बहादुर कुमारी
प्रमुख प्रशासकीय अधिकृत

श्री धनलाल खत्री : सदस्य

कार्यपालिकाले तोकेको, श्रम सहकारीबाट : ३ जना, समुदायको क्लबबाट ५ जना सदस्य

**निर्णय न. २ :-** प्रस्ताव न. ३ विषयमा व्यापक छलफल गर्दा यस गाउँपालिकाबाट सञ्चालित योजना तथा आयोजनाहरुको कार्यसम्पादन प्रक्रिया करिब ८० प्रतिशत सम्पादन भएको र करिब ४५ प्रतिशत उक्त योजना तथा आयोजनाहरुको रकम भुक्तानी समेत भइसकेको हुनाले सन्तोषजनक रुपमा कार्य सुचारु भएको र निर्वाचित पदाधिकारी र कर्मचारीको समन्वयको मात्रालाई वढोतरी गरि ऐन कानुनमा रही आफ्नो भुमिका प्रति प्रतिबद्ध रहने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ३ :** प्रस्ताव नं. ३ को विविध विषयमा व्यापक छलफल गर्दा देहायअनुसारको नोटहरुमा उल्लेखित निर्णयहरु सर्वसम्मतिले पारित गरियो ।

नोट १ :- यस गाउँपालिकाबाट कल्भर्ट निर्माण तर्फको योजना तथा बजेट तर्फ छलफल गर्दा यस गाउँपालिकाका तत् तत् ठाउँमा चैत्र मसान्त भित्र शुरु गर्ने र सो नभएमा सम्वन्धित शिर्षकमा विनियोजित भएको बजेट गाउँसभामार्फत रकमान्तर गर्ने ।

नोट २ :-कर्मचारी तथा पदाधिकारीहरुका लागि कम्प्युटर तालिम वैशाख २ गते देखि १० गतेसम्म सञ्चालन गर्ने र सो सम्वन्धि आवश्यक सामानहरु तत्काल व्यवस्थापन गर्ने ।

नोट ३ :- यस गाउँपालिकाको जनता आवास कार्यक्रमको लागि सोही कार्यविधि अनुसार छनौट गर्ने जिम्मा सयुक्त दलित बाफिकोट गाउँपालिका प्रगतिशील मञ्च लाई दिने ।

नोट ४ :- यस गाउँपालिकाको स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत बैंक स्टेटमेन्ट र आय व्ययको विवरण आगामी कार्यपालिकाको बैठकमा पेश गर्ने ।

नोट ५ :-यस गाउँपालिकाको प्रवक्ता श्री मन बहादुर केर्सीलाई प्रवक्ता बापतको रु ५०० बराबरको सञ्चार खर्च प्रदान गर्ने ।

नोट ६ :- कार्यालय तथा जनशक्ति व्यवस्थापन तर्फबारे छलफल गर्दा अध्यक्ष्य, उपाध्यक्ष्य ,प्रमुख प्रशासकिय अधिकृत , आर्थिक प्रशासन र दर्ता चनानी कक्ष अलग-अलग गर्ने र तपशीलका वडाहरुमा वडा सचिव तथा सामाजिक परिचालकहरुलाई खटाउने ।

**तपशील**

अमर खड्का : वडा नं.३

देव बहादुर चन्द : वडा नं. ९ र १०

ज्ञान बहादुर खड्का : वडा न ४ र ५

निर्मला बि.क. मल्ल : वडा न ४

गणेश बि.क. : १ न.वडाको पञ्जीकरण र २ न.वडा

पृथ्वीनारायण कुसारी : १ न. वडा

सत्य बहादुर केसी : वडा न.५

नोट ७ :-शैक्षिक सत्र २०७४ को वार्षिक परीक्षामा सम्मिलित विद्यार्थी संख्यालाई आधार मानि शिक्षा नियमावली, २०७४ बमोजिम शिक्षक दरबन्दी मिलान, विद्यालय समायोजन र विद्यालयको स्तर मापन गर्ने र गाउँ शिक्षा समितिबाट भएको निर्णय अनुमोदन गरियो ।

नोट ८ :- गाउँपालिकाको स्क्याभेटर र टेक्टरको भुक्तानीको विषयबारे विशेष गाउँसभा बोलाई टुङ्गो लगाउने ।

नोट ९ : इलाका प्रहरी कार्यालय, बाँफिकोटलाई मोटरसाइकलको लागि इन्धन मासिक १५ लिटर उपलब्ध गराउने।

नोट १० : राहत उपलब्ध गराइपाउँ भनी यस गाउँकार्यपालिकाको कार्यालयमा प्राप्त हुन आएका निवेदन माथि छलफल गर्दा यस अघिको कार्यपालिकाको बैठकको निर्णयलाई मापदण्ड मानि भुक्तानी दिने।

राहतको विवरण

| क्र.सं. | नामथर | घटनाप्रकृति | राहत रकम | वडा नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | लालसिंह घर्ती | घर आगलागि | १०,०००।- | ६ | |
| २ | दीपेन्द्र वि.क. | मुटुरोगी | ८,०००।- | १० | |
| ३ | मनकली खत्री | क्यान्सर | २०,०००।- | ५ | |
| ४ | सत्य ब. कार्मी | मुटुरोगी | ८,०००।- | १ | |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ (२) "ञ" अनुसार माथि उल्लेखित निर्णयहरु प्रमाणित गरिएको छ।

प्रमुख प्रशासकीय अधिकृत

बाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाँफिकोट, रुकुम (पश्चिम)
नेपाल
२०७३